# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
वागमती प्रदेश, नेपाल


पत्र संख्या :- ०७८/०७९
चलानी नं :-

मितिः २०७८।१०।२३

सूचना ! सूचना ! ! सूचना ! ! !

विषयः राष्ट्रिय परिचयपत्र सम्बन्धी सूचना ।

यस टोखा नगरपालिकाको कार्यालय मैजुहिटी काठमाण्डौंमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता स्टेशन स्थापना भई विवरण दर्ता गर्ने कार्य भईरहेको छ । उक्त कार्यमा सेवाग्राहीहरुको चाप तथा भिडभाड र दर्ता स्टेशनमा कार्यरत प्राविधिक जनशक्तिको सिमिततालाई मध्यनजर गर्दै व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि तपसिल अनुसार व्यवस्था गरिएको व्यहोरा अनुरोध छ ।

- आईतवार देखि विहिवारसम्म प्रत्येक दिन वढीमा ३५ जनाको विवरण संकलन हुनेछ ।
- संकलित विवरणहरु प्रत्येक शुक्रवार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा लैजानु पर्ने भएको हुँदा सो दिन विवरण संकलन कार्य बन्द रहनेछ ।
- प्रत्येक दिन विहान ठीक १० बजे देखि सो दिनको लागि फाराम वितरण हुनेछ ।
- नेपाली नागरिकताको प्रमाणपत्र, बसाइँ सराइ गरेको हकमा बसाइँ सराइ दर्ता प्रमाणपत्र र विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्र सक्कल पेश गर्नु पर्नेछ ।
- नागरिकताको प्रमाणपत्रमा जन्ममिति नखुलेको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिश आवश्यक पर्नेछ ।
- सेवाग्राही टोखा नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ ।
- यस कार्यालयमा रहेको दर्ता स्टेशनमा अफलाईन रुपमा विवरण संकलन गरिने भएको हुँदा तत्काल विद्युतीय राहदानी वनाउनु पर्ने सेवाग्राही तथा अनलाईन इन्ट्री गरिसक्नु भएका सेवाग्राहीहरु जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नै जानु पर्नेछ ।
- विवरण संकलन कार्य निरन्तर रहने भएको हुँदा सेवाग्राहीले भिडभाड नगरी आफ्नो अनुकूल समयमा विवरण संकलन गराउन सक्नु हुनेछ ।
- विवरण संकलनको क्रममा अशक्त तथा जेष्ठ नागरिक सेवाग्राहीहरु उपस्थित भएमा तत्काल विवरण संकलन गरिनेछ ।

७८।१०।२२

(अनिल प्रसाद जोशी)
अधिकृत सातौं